## सम्मरीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### फरेनाको प्रतिबद्धता

**स्थानीय शासनमा जवाफदेहीता,पारदर्शिता,कानुनको शासन र सहभागिता प्रवर्द्धन गरी सुशासन र सदाचारिता कायम गर्ने सम्मरीमाई गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुले देहाय बमोजिमको प्रतिबद्धता व्यक्त गर्दछौं ।**

१.नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता,स्वाधिनता र स्वाभिमानको अक्षुणतामा प्रतिकुल नहुने गरी सदैव राष्ट्र र जनताको हितलाई ध्यानमा राखी आफ्नो पदीय जिम्मेवारीको पालना गरिनेछ ।

२.प्रत्येक आर्थिक वर्षको समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण स्थानीय तहमा पेश गरिनेछ ।

३.निर्वाचित पदाधिकारी र कर्मचारीको आचार संहिता बनाई लागू गरिनेछ । आफ्नो स्वार्थ गाँसिएको विषयको निर्णय प्रक्रियामा सहभागिता नहुने गरी आचार संहिताको पालना गरिने छ ।

४.कानुन बमोजिम पाउने पारिश्रमिक,सेवा सुविधा वा भत्ताबाहेक अन्य कुनै साधन र श्रोत, नगद वा जिन्सी कुनै प्रकारले लिने वा दुरुपयोग गरिने छैन । कानून बमोजिम लिइएको सुविधाको विवरण बार्षिक रुपमा सार्वजनिक गरिनेछ ।

५.पूर्व जानकारी विना सेवा दिने कार्यक्षेत्र छोडिने छैन । विशेष कारणबस सेवा दिने क्षेत्रमा उपस्थित हुन नसक्ने अवस्था रहेमा कानूनले तोकेको पदाधिकारीलाई जानकारी एवम् अख्तियारी दिई सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।

६.स्थानीय तहबाट प्रदान हुने सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन नागरिक वडापत्र कार्यान्वयनमा ल्याइनेछ ।

७.कानून बमोजिम स्थानीय तहले गर्नुपर्ने सिफारिस तथा प्रमाणित गर्ने कार्य सत्य तथ्य बमोजिम यथार्थ र वस्तुगत आधारमा गरिनेछ ।

८.स्थानीय सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाईनेछ । सेवाग्राहीको सहजताको लागि हेल्प डेस्क, सूचना अधिकारी, प्रवक्ता र गुनासो सुनुवाई व्यवस्था मिलाईनेछ ।

९.जाति, धर्म, लिङ्ग, वर्ण, सम्प्रदाय, राजनीतिक आस्था, वा अन्य कुनै आधारमा भेदभाव नहुने गरी तथा कुनै सामाजिक सुसम्बन्धमा खलल नपर्ने गरी कार्य सम्पादन गरिने छ ।

१०.अभिलेख व्यवस्थापनलाई चुस्त बनाईनेछ । कानूनद्वारा निर्दिष्ट तथ्याङ्क समयमै सङ्कलन गरी पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

११.प्रत्येक वर्षको आषाढ १० गते भित्र बार्षिक बजेट तथा कार्यक्रम तयार गरी आषाढ मसान्त भित्र सभाबाट स्वीकृत गरी सार्वजनिक गरिनेछ ।

१२.आफ्नो कार्य क्षेत्रमा सञ्चालन गर्नुपर्ने विकास कार्यक्रमहरु प्रचलित कानुन बमोजिम योजना, कार्यक्रम वा बजेट स्वीकृत गरेर मात्र कार्यान्वयन गरिनेछ । सो प्रक्रिया विपरित कुनै विकास कार्यक्रमको घोषणा, स्वीकृति वा सञ्चालन गरिने छैन ।

सम्मरीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

१३.सार्वजनिक खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही नियमितता, मितव्ययिता, प्रभावकारिता,कार्यदक्षता र औचित्य समेतको आधारमा गरिनेछ। मासिक तथा चौमासिक आम्दानी र खर्चको विवरण अवधि समाप्त भएको १५(पन्ध्र) दिनभित्र सार्वजनिक गरिनेछ।

१४.बार्षिक योजना तथा कार्यक्रममा अवण्डा विनियोजन गरी भविष्यमा सभाबाट अनुमोदन हुने गरी कुनै किसिमको खर्च गरिने छैन। ऐनमा व्यवस्था भएदेखि बाहेक कुनै पदाधिकारीको निर्णयबाट वार्षिक बजेट वा योजना परिवर्तन गरिने छैन।

१५.बजेट कार्यक्रम स्वीकृत नगरी कुनै किसिमको दायित्व सृजना हुने गरी खर्च गर्ने वा कोष विनाको दायित्व सृजना गरिने छैन। स्वीकृत कार्यविधि बमोजिम विशेष प्रयोजनको कोषबाट बाहेक अन्य कुनै कार्यक्रमबाट कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा वा पुरस्कार दिइने छैन।

१६.स्थानीय तहको आम्दानी, खर्च र विकास योजनाको प्रगति विवरण मासिक र चौमासिक अवधि समाप्त भएको मितिले १५(पन्ध्र) दिनभित्र सार्वजानिक गरिनेछ।

१७.चौमासिक विभाजन अनुसार खर्च योजना तयार गरी पूँजीगत खर्चलाई प्रभावकारी बनाइनेछ। आर्थिक वर्षको अन्त्यतिर खर्च हुदाँ वित्तीय र निमार्ण कार्यको गुणस्तरमा हुनसक्ने जोखिमलाई कम गर्न अन्तिम चौमासिक अवधिमा खर्च गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ।

१८.स्वीकृत बार्षिक बजेटको अधिनमा रही पुँजीगत शिर्षकमा २५ प्रतिशत भन्दा वढी रकमान्तर गरिने छैन। पुजीगत शिर्षक वाट चालू शिर्षकमा रकमान्तर गरिने छैन र बजेट रकमान्तर सम्बन्धि प्रचलित कानुनमा भएको व्यवस्था पूर्ण रुपमा पालना गरिने छ।

१९.विभिन्न समिति ,उपसमिति,वा कार्यदल र उपभोक्ता समिति गठन गर्दा महिला ,दलित, अल्पसंख्यक लगायत समुदायको उचित प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाईने छ।

२०.सभा एवम कार्यपालिका बैठकको निर्णय ३ दिन भित्र वेभसाइड , मुख्य पत्र वा सुचना पाटी मार्फत सार्वजनिक गरिने छ। सार्वजनिक गरे पश्चात मात्र निर्णय कार्यान्वयन गरिने छ।

२१.स्थानीय तहको सेवा प्रवाह र सञ्चालित योजना तथा कार्यकमहरुको सम्बन्धमा प्रत्येक चौमासिक अवधि सम्पन्न भएको १५ दिन भित्र सरोकारवाला हरुलाई आमन्त्रण गरी सार्वजनिक सुनवाई गरिने छ।

२२.सदाचार र नैतिक मुल्यहरुको प्रर्वद्धन तथा भ्रष्टाचार नियन्त्रणका लागी नैतिक विषय, नागरिक शिक्षा,जस्ता सामाजिक सचेतनामुलक अभियान संचालन गरिने छ।

२३.आयोजना र कार्यकमहरुको आवधिक रुपमा समिक्षा र मुल्यांकन गरी सोको प्रतिवेदन विद्युतीय र छापा माध्यम वाट सार्वजनिक गरि पृष्ठपोषण लिइनेछ।

२४.स्थानीय स्तरको भु-उपयोग नीति तर्जुमा गरी एकीकृत बस्ती विकासको कार्यकम लागु गरिने छ।

२५.आफ्नो स्वामित्वमा रहेको वा हक हस्तान्तरण भई आएको सम्पूर्ण चल अचल तथा जिन्सी सम्पत्तिको अभिलेख अध्यावधिक गरी सम्पत्तिको संरक्षण गरिने छ। सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत,परिवारिक वा दलीय लाभको लागि प्रयोग गरिने छैन।

२६.आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा सामुदायिक सम्पत्ति कानून वमोजिम वाहेक बेचविखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण हुने गरी सिफारिस गरिने छैन।

२७.आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा बनाइएको ऐन, नियम, निर्देशिका, कार्यविधि,र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरे पश्चात मात्र लागू गरिने छ।

गाउँ कार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

२८.सभावाट कानून नवनाई कुनै पनि किसिमको कर लगाउन वा करका दरहरुको निर्धारण वा हेरफेर गर्ने वा उठाईने छैन । स्थानीय कर, शुल्क, दस्तुर, जरिवाना लगायतका आन्तरिक राजश्वको प्रक्षेपण गरी आन्तरिक आय बृद्धि गर्ने कार्ययोजना वनाई संकलनको माशिक तथा चौमासिक लक्ष्य हासिल गर्ने प्रयत्न गरिने छ ।

२९.सार्वजनिक खरिद गर्दा वा सार्वजनिक निर्माण कार्य गर्दा प्रचलित कानून प्रक्रिया बमोजिम लागत ईस्टिमेट स्वीकृत गराएर मात्र खरिद वा निर्माण प्रक्रिया अघि वढाईने छ । कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन का आधारमा मात्र रकम भुक्तानी गरिने छ ।

३०.आर्थिक वर्ष सुरु हुनु भन्दा १५ दिन अगावै आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूतम दररेट तोकिनेछ ।

३१.स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त गरिने छैन । विशेष परियोजना वा कार्यक्रममा बाहेक नियमित सेवा सञ्चालनका लागि अस्थायी दरबन्दी सिर्जना गरिने छैन ।

३२.नेपाल सरकारको स्वीकृत लिएर मात्र सरकारी अभिलेखमा रहने गरी वैदेशिक सहायता लिने, स्वीकर गर्ने वा वैदेशिक सम्झौता गर्ने व्यवस्था गरिनेछ ।

३३.नेपाल सरकारबाट स्वीकृत नियमावली वा कार्यविधिको आधारमा भ्रमण स्वीकृत भएपछि मात्र वैदेशिक भ्रमण गरिनेछ ।

३४.महालेखा परीक्षकबाट प्राप्त अन्तिम लेखा परीक्षण प्रतिवेदन प्राप्त भएको १५ दिन भित्र प्रतिवेदनका मूख्य अंशहरु आफ्नो वेवसाइट मार्फत प्रकाशन गरिनेछ ।

३५.कुनै पनि कार्यक्रम वा समारोहमा मदक पदार्थ तथा सुर्तीजन्य पदार्थको प्रयोग गरिने छैन ।

**जनप्रतिनिधिको तर्फबाट**

..........................
( जितेन्द्रनाथ शुक्ला )
अध्यक्ष
सम्मरीमाई गाउँपालिका

**कर्मचारीको तर्फबाट**

..........................
( टुकराज पाण्डे )
प्रमुख प्रशासकीय अधिकृत
सम्मरीमाई गाउँपालिका